जिल्ला समन्वय समितिको कार्यालय
स्याङ्जा
२०७३

# स्याङ्जा जिल्लाका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन, ओसार पसार तथा बिक्री वितरण गर्ने कार्यविधि २०७४

जिल्ला अनुगमन तथा व्यवस्थापन समिति, स्याङ्जा

## विषय सूची

स्याङ्जा
२०७३


| | | पेज न |
|---|---|---|
| | प्रस्तावना : | १ |
| १. | संक्षिप्त नाम र प्रारम्भ : | २ |
| २ | परिभाषा | २ |
| ३ | कार्यविधिको आवश्यकता | २ |
| ४ | कार्यविधिको उद्देश्य | ३ |
| ५ | कार्यविधिको क्षेत्र | ३ |
| ६ | नदीजन्य पदार्थको उत्खनन विधि | ४ |
| ७ | नदीजन्य पदार्थको ओसार पसार गर्ने विधि | ५ |
| ८. | उत्खनन परिमाण नियन्त्रण विधि | ६ |
| ९. | अनुगमन सम्बन्धी व्यवस्था : | ६ |
| १० | विविध | ७ |
| ११ | अनुसूचिहरु | ७ |

जिल्ला समन्वय समितिको कार्यालय
स्याङ्जा
२०७३

**प्रस्तावना :**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१५ र २१८ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०७ अनुसूचि २३ र नियम २१० बमोजिम पर्सा जिल्लाका भलुहाई, जमुनिया र भेडाहा नदीहरुबाट नदीजन्य पदार्थ निकाली बिकी वितरण गर्ने र निकासी कर लगाउने कार्यको प्रारम्भिक वातावरिणीय परिक्षण प्रतिवेदन (IEE) नेपाल सरकार, वन मन्त्रालय तथा भूसंरक्षण मन्त्रालयबाट आ.ब. २०६९/०७० मा स्वीकत भएको छ । उक्त प्रतिवेदनले निर्धारित गरेका शर्त बमोजिम नदीजन्य पदार्थहरुको उत्खनन ओसार पसार तथा बिक्री वितरण गर्न नेपाल सरकार मन्त्री परिषद आर्थिक तथा पूर्वाधार समितिको मिति २०७१।४।११ को निर्णय नं (ग) अनुसार ढुङ्गा, गिट्टी बालुवाको संकलन तथा उत्खनन गर्ने काम र साको प्रशोधन तथा बिकी वितरण गर्ने कामलाई पृथकीकरण ( Unbundling ) गरी त्यसरी उत्खनन तथा संकलन गरेको रोडा,ढुङ्गा, गिट्टी,बालुवा घाटगद्दी गरी इजाजत दिंदा ताकिएको शर्त र परिमाण बमोजिम संकलन भए नभएको एकीन गराए पछि मात्र प्रशोधनकर्ता वा संस्था वा व्यक्तिले खरिद गर्न सक्ने व्यवस्था गरी उक्त व्यहोरालाई कार्यान्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७१।४।१६ च.न. १५ को पत्रबाट लेखी आए को छ ।

उपरोक्त घाटगद्दी सम्बन्धि व्यवस्थाले स्थानीय निकायको लागत प्रभावकारितामा असर पर्ने, कार्यन्वयनमा झन्झट हुने,थप जनशक्तिको परिचालन गर्नु पर्ने गुणस्तर कायम हुन नसक्ने लगायतका कारण असजिलो भै यसमा केही सहजता मन्त्रालयबाट हुनु पर्ने माग समेत उठेका सन्दर्भमा जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यकताका आधारमा निर्णय गरी घाटगद्दी सम्बन्धी निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने गरि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ( सचिव स्तर) बाट मिति २०७१।५।२९ मा निर्णय भै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१।५।३० च.नं २२ को पत्रबाट लेखी आएको थियो ।

जिल्लामा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन तथा निकासीलाई निरुत्साहित गर्न र (IEE) स्वीकृत भएको नदीबाट र स्थलबाट नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १७७ ले जिविसलाई स्वशासित र संगठित संस्था स्वीकार गरेको र स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७६ (१) अनुसार स्थानीय निकायले आवश्यक निर्देशिका बनाउन सक्ने कानूनी व्यवस्था गरेको र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१।५।३० च.नं २२ को पत्रबाट समेत घाटगद्दी सम्बन्धी कार्यविधि बनाई लागू गर्न सक्ने गरी लेखी आएकोले नदीजन्य पदार्थको उत्खनन र वितरण सम्बन्धी बर्तमान व्यवस्थालाई थप प्रभावकारी बनाई लागू गर्न वान्छनीय देखिएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय
स्याङ्जा
२०७३

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

१.१: यो कार्यविधिको नाम स्याङ्जा जिल्लाका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन, ओसार पसार तथा बिकी वितरण गर्ने कार्यविधि **२०७४** रहेको छ ।

१.२: यो कार्यविधि जिल्ला अनुगमन तथा समन्वय समितिले निर्णय गरी स्वीकृत गरेका मिति देखी लागू हुने छ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१. **कार्यविधि** भन्नाले स्याङ्जा जिल्लाका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन, ओसार पसार तथा बिकी वितरण गर्ने कार्यविधि **२०७४** रहेको छ ।

२.२. **मन्त्रालय** भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउने छ ।

२.३. **अनुगमन समिति** भन्नाले स्याङ्जा जिल्लका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिलाई जनाउने छ ।

२.४. **जिसस** भन्नाले जिल्ला समन्वय समितिको कार्यालय स्याङ्जालाई जनाउने छ ।

२.५. **नदीजन्य पदार्थ** भन्नाले उत्खनन गर्न अनुमति भएको नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा,ढुङ्गा, गिट्टी,बालुवा,मिस्कट,पाँको,भष्कट र माटो समेतलाई जनाउने छ ।

२.६. **IEE** भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्न मन्त्रालय द्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन) लाई जनाउने छ ।

२.७. **घाटगद्दी** भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा यस कार्यविधिको दफा ६.१ र ६.२ मा उल्लेख गरिएको उत्खनन स्थल समेतलाई जनाउने छ ।

३. <u>कार्यविधिको आवश्यकता</u> : स्याङ्जा जिल्लामा नदीजन्य पदार्थ निकाल्ने निषेध गरेका क्षेत्रबाट नदीजन्य पदार्थ चोरी निकासी हुन सक्ने प्रवल संभावना रहेकोले सो क्षेत्रको संरक्षण गरी चोरी उत्खनन नियन्त्रण गर्न आवश्यक रहेको छ । अर्को तर्फ जिल्लामा नियमित सार्वजनिक विकास निमार्ण कार्य र निजी निमार्ण कार्य समेत तिब्र गतिमा अगाडी बढेको छ । यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोले नेपाल सरकार (सचिव स्तर) को मिति २०७१।५।२९ को निणर्य कार्यान्वयन गर्न आवश्यक भएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय
स्याङ्जा

४. कार्यविधिको उद्देश्य : यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

४.१. नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

४.२ नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरीपरिको वातावरण संरक्षण गर्ने ।

४.३. नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने ।

४.४. नदीजन्य पदार्थ उत्खनन तथा ओसार पासार गर्ने सन्दर्भमा नेपाल सरकारबाट भएका बिभिन्न निर्णयहरुलाई स्थानीय विशेषका आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

४.५. आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने ।

४.६. सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

५. कार्यविधिको क्षेत्र : यो कार्यविधि स्याङ्जा जिल्ला भित्र रहेका निम्न क्षेत्र भित्र मात्र लागू हुने छ ।

५.१. स्याङ्जा जिल्लाका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन र बिक्री वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका नदीहरु ।

५.२. स्याङ्जा जिल्लाभित्र रहेका नदी, खहरेमा बाढी पहिरोका कारणले नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम निम्तन सक्ने भएकोले त्यस्ता पदार्थ हटाउन जिल्ला दैवी प्रकोप उद्धार समितिले निर्णय गरी तोकेको स्थलहरु ।

५.३. स्याङ्जा जिल्लाभित्र रहेका विभिन्न निजी जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

५.४. स्याङ्जा जिल्ला भित्र रहेका बिभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाणभित्र ।

५.५. नेपाल सरकारद्धारा संचालित विकास अयोजनाका लागि आवश्यक पर्ने दुंगा, गिट्टी, बालुवा माटो जस्ता निर्माण सामाग्री आयोजनाले नै उत्खनन, संकलन गर्नका लागि जि.स.स.ले तोकेको प्रकिया र परिमाण र स्थल उपयोग गर्ने ।

६. नदीजन्य पदार्थको उत्खनन विधि : यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खननकर्ताले ( ठेकेदार, वा उपभोक्ता वा आयोजना वा जि.स.स.बाट खटिएका कर्मचारी) देहायको शर्त तथा मापदण्ड पालना गर्नपर्ने छ ।

६.१ नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित स्थानीय निकायका प्रतिनिधी, र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाकंन गर्नुपर्ने ।

६.२ नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सिमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

६.३. अनुगमन समितिले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसार गर्न अनुमति दिदा यस कार्यविधिको २.७ मा उल्लेख भएको घाटगद्दीको दुई परिभाषा मध्ये कुनै एक स्थललाई घाटगद्दी निर्धारण गर्न सक्ने ।

६.४. नदीजन्य पदार्थ उत्खनन गर्दा जिससबाट खटिएका कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजांर र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

६.५. उत्खनन गर्दा भारी यान्त्रीक उपकरणको प्रयोग सम्बन्धमा (IEE) प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम र अन्यको हकमा जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिम गर्ने ।

६.६ नदीजन्य पदार्थ उत्खनन गर्ने समय विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ७ बजे सम्म मात्र कायम गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी अनुगमन संयन्त्रलाई प्रभावकारी तुल्याउने ।

६.७. उत्खनन स्थलसम्म जाने र फर्कने मार्ग निर्धारण जिससले स्थानीय सहमतिका आधारमा गर्ने ।

६.८. परिमाण नियन्त्रका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसुचि १ बमोजिको ढाँचामा उत्खनन स्थलमा राख्ने ।

६.९. उत्खनन गरि सकेपछि छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नुपर्ने छ । नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन ।

६.१०. उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

६.११. उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । संचय गर्नुपर्ने अवस्था आए जि.स.स.को अनुमतिमा मात्र संचय गर्न सकिने ।

६.१२. उत्खनन स्थलमा टेक्टर र २५० घ.फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्यं साधन प्रबेशमा रोक लगाउने ।

६.१३. उत्खनन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन स्थलमा मल मुत्र त्याग गर्ने व्यवस्था मिलाउनु पर्छ । खुला रुपमा दिशा पिसाब गर्न पाइने छैन ।

६.१४. उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन उत्खनन स्थलको नक्सा गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना बोर्ड तयार गरी राख्ने ।

७. <u>नदीजन्य पदार्थको ओसार पसार गर्ने विधी :</u> नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नुपर्ने छ ।

७.१. घाटमा प्रबेश गरी उत्खनन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर राजश्व तिरेको निस्सासाथमा लिएर ओसार पसार गर्नुपर्ने छ ।

७.२. नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसंग भर्न लगाई लिनुपर्ने छ । रसिदमा उल्लेखित विवरण ( मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, आदी) अनुगमनका कममा फ़रक परेमा शर्त उल्लंघन गरेको मानिने छ।

७.३. नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ६ बजे देखि साँझ ७ बजेसम्म मात्र कायम गर्ने ।

७.४. नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न दिने । सो को अनुगसनको प्रबन्ध, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

७.५. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधी भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

७.६. नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन ।

७.७ नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने कममा लोड सवारी साधन गन्तब्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथा संभव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

७.८.नदीजन्य पदार्थको ओसारे पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा जिल्ला समन्वय समितिले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

## ८. नदीजन्य पदार्थको विक्री वितरण विधि :

८.१. तोकिएका नदी/खोलाबाट उत्खनन भएको नदीजन्य पदार्थ तोकिएको दरमा विक्री वितरण गरिनेछ ।

८.२ त्यसरी विक्री वितरण गर्ने कार्य नियमानुसार ठेक्का नलागेसम्म जि.स.स. आंफैले तोकिएका कर्मचारीहरुद्धारा विभिन्न टोली बनाई विक्री वितरण गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

८.३. नदीजन्य पदार्थको बिक्री गर्दा अनुसूची २ बमोजिमको नगदी रसिद प्रयोग गरिने छ ।

९. उत्खनन परिमाण नियन्त्रण विधि : उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ ।

९.१ अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नाप तथा रेखाकंन तथा नक्संकनको आधारमा पहिलो पटक उत्खनन लाईन दिने ।

९.२ यस बमोजिम उत्खनन भै निकासी भएको स्थलमा कम्तीमा महिनाको १ पटक जिससले अनुगमन गर्ने ।

९.३ दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसुचि १ बमोमिको ढाँचामा दैनिक उत्खनन अभिलेख राख्ने ।

९.४ अनुसुचि ३ बमोजिमको ढाँचामा दैनिक बिक्री तेरिज तयार गरी मासिकरुपमा जिससमा पठाउने र जिससले सो को अभिलेख राख्ने ।

१०. अनुगमन सम्बन्धी व्यवस्था : IEE प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिको अनुगमन संयन्त्र परिचालन गर्नुपर्ने ।

१०.१. प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकारद्धारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिनसक्नेछ ।

१०.२. नदीजन्य पदार्थको उत्खनन कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न जिससको कार्यालयले अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने ।

१०.३. **प्रहरीद्वारा अनुगमन:** उत्खनन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको स्थानीय वन कर्मचारी, नेपाल प्रहरी र ससस्त्र प्रहरी बलबाट जुनसुकै बेला अनुगमन गर्नसक्ने गरी परिचालन गर्ने ।

१०.४. **स्थानीय तहद्वारा अनुगमन** : उत्खनन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगाएतका कार्यहरुको नजिकको वा नगरपालिका वा गाउँपालिकाले अनुगमन गर्ने ।

१०.५. **अनुगमनको कार्यसुची** : माथि उल्लेखित अनुगमन संयन्त्रले नदीजन्य पदार्थको उत्खनन तथा ओसारपसारका लागि यस कार्यविधिमा गरीएको सबै व्यवस्थाको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी गरि हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरी गरिने उत्खनन लगाएतका विषयमा अनुगमन गरी शर्त उल्लघंन गर्ने उपर कारवाही गर्न अनुगमन समितिको सचिवालयमा प्रतिवेदन दिन सक्ने ।

१०.६. अनुगमन कार्यमा लाग्ने खर्च जिससको आन्तरिक स्रोत कोषबाट व्यहोर्ने ।

१०.७. अनुगमनका क्रममा शर्त उल्लघन गरेको वा राजश्व चोरी गरी उत्खनन तथा ओसार पसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिम जरिवाना गरिने छ ।

१०.८. माथी १०.७. बमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पकाउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने ।

## ११. विविध :

११.१. नदीजन्य पदार्थ उत्खनन गरिने स्थलमा अनुसुचि ४ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

११.२. यो कार्यविधिलाई जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यकता बमोजिमसंसोधन गरी लागू गर्न सक्ने

## १२.अनुसूचिहरु

अनुसुचि नं. १

फोन नं. ☎ ०६३-४२०१९०

# जिल्ला समन्वय समितिको कार्यालय
# स्याङ्जा

२०७३

## उत्खननकर्ताले राख्ने नदीजन्य प्रदार्थको दैनिक उत्खनन अभिलेख

नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि कार्यविधि कार्वान्वयनका सन्दर्भमा निकासी घाट/नदी अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु अभिलेख )

**नदीको नाम :**

**उत्खनन गरिएको नाका / घाटको नाम :**

| सि.न. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुचि नं. २

फोन नं. ☎ ०६३-४२०१९०

# जिल्ला समन्वय समितिको कार्यालय
## स्याङ्जा

जिल्ला समन्वय समितिको कार्यालय स्याङ्जा २०७३

## नगदी रसिद

नेपाल सरकार

रसिद नं. : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अनुसुचि नं. २

जिल्ला समन्वय समितिको कार्यालय

स्याङ्जा

ठेकेदारको नाम :

नदीको नाम: मितिः

नाका/घाट : समय :

सवारी नं. : सम्पर्क नं.: लैजाने स्थान

प्रयोजन : -क) निजि (ख) सार्वजनिक (ग) बिक्री

| सि.नं. | विवरण | परिमाण | इकाई | दर | भ्याट १३% | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ढुंङ्गा | | घनफुट | २/- | | |
| २ | गिट्टी | | | | | |
| ३ | बालुवा | | | | | |
| ४ | .................. | | | | | |

अक्षरेपी रु. ...............................................................................

..............................

सही

अनुसुचि नं. ३

फोन नं. ☎ ०६३-४२०१९०

# जिल्ला समन्वय समितिको कार्यालय

## स्याङ्जा

स्याङ्जा

२०७२

## नदीजन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरीज

नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्वान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु अभिलेख तेरीज )

**नाका वा घाटको भएको नदीको नाम :**

**नाका /घाटको नाम :**

**मिति :**

| सि.न. | निकासी मिति | समय | स्थान | रसिद नं. | पटके बिकी भएको परिमाण | बिकी भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोट : यो फाराम उत्खनन स्थलबाट ठेकेदारले पटकै पिच्छे भरी दैनिक पटके बिक्री आदेशको १ प्रति संलग्नं गरी मासिक रुपमा जिल्ला समन्वय समितिको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ.।**

अनुसुचि नं ४

उत्खनन स्थलमा राख्नु पर्ने होडिङ्ग बोर्डको नमूना

# नदीजन्य पदार्थ उत्खनन गरिने स्थल

स्याङ्जा

२०७३

## उत्खनन विवरण

१. नदीको नाम

२. घाटको नाम

३. उत्खनन गरिने परिमाण घ.फू. मा :

४. उत्खनन कार्यमा प्रयोग हुने साधन : हाते औजार, श्रममुलक प्रविधिको प्रयोग

५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :

६ उत्खनन गर्ने अवधि : मिति २०७ । । ......गते बाट उल्लेखित परिमाण निकालन्जेल वा २०७ साल ....... भित्र मध्ये जुन पहिला हुन्छ ।

७. ठेक्का अंक :

८. उत्खनन र ओसार पसार गर्ने समय :

९. नदि प्रवेश र ओसार पसार गर्ने मार्ग:

१०. उत्खनन स्थलको नक्सा :

(कुनै शिकायत, गुनासो वा थप जानकारीका लागि जिल्ला समन्वय समितिको कार्यालय स्याङ्जाका स्थानीय विकास अधिकारी मोबाईल ९८५६००९२२२ गुनासो सुन्ने अधिकारी........, वा मोवाईल ................................ मा सम्पर्क गर्नु हुन )